


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

जाति, धर्म वर्ण लिङ्गका आधारमा विवाद नगरौं, एकअर्का मिलेर अघि वढौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क २०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १९ गते मंगलबार ❑ 3 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रदेशको विकासमा लाग्नेछु प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन

हालै नियुक्त भएका गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले पदभार ग्रहण गरेका छन् । राष्ट्रपति विद्यादेखि भण्डारीले हालै नियुक्त गरेका गुरुङले सोमबार पदभार ग्रहण गरेका हुन् ।

सो अवसरमा प्रदेश प्रमुख पृथ्वीमान गुरुङले हामी नेपालीले ६/७ दशकदेखि लोकतन्त्रका लागि सङ्घर्ष गरेको उल्लेख गर्दै यसको संस्थागत विकास र प्रवर्द्धन हामी सबैको साझा कर्तव्य हो भने । प्रदेश प्रमुख गुरुङलाई स्वागत गर्दै मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लोकतन्त्रका लागि दशकौंदेखि सङ्घर्षरत व्यक्तिलाई प्रदेश प्रमुखको रूपमा पाइएको बताउँदै सरकार समृद्ध प्रदेश निर्माणको अभियानमा जुटिरहेका अवस्थामा प्रदेश प्रमुख गुरुङको उपस्थिति गौरवपूर्ण भएको उल्लेख गरे । उनले भने "लोकतन्त्रको स्थायित्व र यस प्रदेशका आम जनताको



लोक तान्त्रिक हक अधिकार र विकासको लागि मलाई नेपाल सरकारले अभिभावकको रुपमा गण्डकी प्रदेशमा पठाएकोले मैले पनि प्रदेशको हकहितको लागि कटिवद्ध छु ।" नेपाल सरकारलाई धन्यवाद दिदै उनले लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिब ७ बर्ष मात्र भएकोले यसलाई संस्थागत गर्न सवै जिम्मेवार हुनु पर्नेमा जोड गरे ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश प्रमुख गुरुङलाई स्वागत गर्दै संघिय लोकतान्त्रि गणतन्त्रलाई संस्थागत गर्ने क्रममा प्रदेश रहेको उनले जनाए । नेपाली सेनाले प्रदेश प्रमुखलाई पोखरामा स्वागत सहित सलामी समेत दिएको थियो । गण्डकी प्रदेशमा गुरुङ चौथो प्रदेश प्रमुख हुन । यस अघि बाबुराम कुंवर, अमिक शेरचन र सिता कुमारी पौडेल प्रदेश प्रमुखमा नियुक्त भएका थिए । यस अघि पौडेल नेकपा एमाले, शेरचन माओबादी केन्द्र, कुंवर कांग्रेस र गुरुङ कांग्रेसको सिफारिसमा प्रदेश प्रमुखमा नियुत्त भएका हुन् ।

## व्यवसायी जीवन रक्षाकोष तत्काल कार्यान्वयनमा ल्याउछौं मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशका साना तथा मझौला व्यावसायीहरुको हकहितको लागि तत्काल व्यवसायीक जीवन रक्षा कोष कार्यान्वयनमा ल्याउने बताएका छन् ।



पोखरा उद्योग बाणिज्य संघले सोमबार गण्डकी प्रदेशका मुख्यमन्त्री सहितका मन्त्रीहरुलाई बधाई ज्ञापन गर्न आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले कोरोनाबाट प्रभावित भएको व्यवसायीलाई माथि उठाउने गरी तत्काल कान्वयन हुने गरी व्यवसायीक जीवन रक्षा कोष कान्वयनमा ल्याउने बताएका हुन् । व्यवसायीक जीवन रक्षाकोषमा देखिएका कमीकमजोरीलाई सुधार गरी व्यवसायीलाई माथि उठाउन रणनिती योजनाका साथ आफुहरुले जतिल सक्दो छिटो कान्वयन गर्ने भएको उनले जनाए ।

सरकार गठन भएदेखि नै कोरोना बिरुद्धको खोप उपलब्ध गराउन पहल गर्दै आएको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले प्रथामिकता र आवश्यकताको आधारमा खोप उपलब्ध हुने विश्वास दिलाए । प्रदेशको उत्तरी नाका कोरोला र दक्षिणको नाका खुलायर चिन र भारतसंगको दोहोरो सम्बन्ध कायम गर्नुपर्ने उनको भनाई थियो । प्रदेश सरकार निजी क्षेत्रसंग उद्धार नितीले सहकार्य गर्दै अघि बढ्ने जनाए । निजी क्षेत्रको लगानीको वातावरण सृजना गर्न सरकारले अनुकुल वातावरण बनाउने भएको उनले बताए ।

प्रदेशका भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यबस्था मन्त्री कुमार खड्काले पहिलाका बजेटका आयातन हेर्दा प्रदेशका जनता प्रति थर्थाथ भन्दा टाडाबाट बजेट ल्याइएको आरोप लगाए । उनले भने "यसको आफनो सामर्थे भनेको ४ अर्ब ९८ करोड हो, महत्वकाक्षि भयर आन्तरिक राजश्वको परिकल्पना गरेर ल्याएको बजेट हो, त्यस कारण हामीसंग कम बजेट भएकोले गर्दा ठुला मेगा परियोजनामा लगानी गर्न सक्दैनौं ।" गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले पुंजीको आधारमा प्रथामिकताको पहिचान गरी लगानी गर्नुपर्ने बताए । थोरै पुंजि त्यसमा कनिका छरेझैं बजेट छर्दा पनि विकास गर्न कठिन हुने गरेको उनको भनाई थियो । अर्थमन्त्री बरालले निजी क्षेत्रलाई व्यबस्थित नबनायसम्म देशको उन्नती प्रगती नहुने दाबी गरे । उनले भने "राज्य व्यबस्थापक हो तर राज्यले सवै कुरा गर्नु पर्छ भन्ने बुझाई गलत हो ।" पर्यटन उद्योग बाणिज्य तथा आपुर्ति मन्त्री मणिभद्र शर्मा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मधुमाया अधिकारी गुरुङ, कानुन संचार तथा प्रदेश मामिला मन्त्री विन्दु कुमार थापा लगायतले निजी क्षेत्रसंग सरकारले सहकार्य गर्दै उपयुक्त निती ल्याउनेमा जोड दिए । नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले पोखरा क्षेत्रयि अन्तराष्ट्रिय विमानस्थलको निर्माण कार्य ८१ प्रतिशत सम्पन्न भए पनि हवाई रुटको बिषयमा सरकारले हालसम्म कुनै गृहकार्य नगरेको दाबी गरे । कास्कीका तीन मन्त्री भएकोमा खुसि व्यक्त गर्दै उनले अब पनि कास्कीको विकास नभएमा उनीहरुलाई कुनै छुट नहुने जनाए । नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य बाबुराम गिरीले निजी क्षेत्रलाई पनि सरकारले कोरोना बिरुद्धको खोप लगायने बिषयमा गम्भिर हुन आग्रह गरे । प्रदेशको राजधानि पोखरामा औधोगिक क्षेत्र स्थापना, बसपार्क, चक्रपथ आवश्यक भएको गिरीले जनाए ।

संघका अध्यक्ष नारायण कोइरालाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रदेशका युवा तथा खेलकुद मन्त्री राजीव गुरुङ (दीपक मनाङ्गे) बाहेक सवै मन्त्रीहरु सहभागि हुनु भएको कार्यक्रम संयोजक अर्जुन पोखरेलले जनाए । आफुहरुले कोरोना कालमा पनि स्वास्थ्य मापदण्ड पालना गर्दै उक्त कार्यक्रम गरिएको महासचिव सुरेन्द्रमान विजुक्छेले बताए ।

## उपचारदाताको खोजीमा जोसिली मधुमाया

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन

बाल्यकालमा बिरामी परेर हातखुट्टा कुँजिए पनि जोश र जाँगर भने कोहीभन्दा कम छैन पोखरा महानगरपालिका- ३३ भरतपोखरी बरमाझथर निवासी मधुमाया पौडेलको ।

विसं २०३६ साउनमा जन्मनु भएकी उहाँको १२ वर्षको हुँदा टाइफाइड बिग्रनुका साथै नसामा पनि समस्या भएर हातखुट्टा कुँजिएका थिए । त्यसयता पोखराको गण्डकी अस्पतालगायत स्थानमा उपचारका लागि लगिएकामा स्वास्थ्यमा सुधार आउन नसकेको उहाँकी आमा मायादेवीले बताउनुभयो ।

मध्यमवर्गीय परिवारमा थप उपचारका लागि ठूलो रकम खर्चनुपर्ने बाध्यताले पोखरा बाहिर जान सम्भव नहुँदा वर्षौंसम्म कुँजिएर बस्न बाध्य हुनुपरेको मधुमायाको दुःखेसो छ ।

कक्षा २ मा पढ्दै गर्दादेखि नै बिरामी भएर विद्यालय जान नसके पनि मधुमायाले स्थानीय चण्डी माध्यमिक विद्यालयमा कक्षा ८ सम्मको अध्ययन पूरा गर्नुभएको छ । स्मरण शक्ति तेजिलो भएकी उहाँले विसं २०५७ मा एक संस्थाको सहयोगमा ललितपुरको लगनखेल पुगीछमहिनाकोसिलाइकटाइतालिम लिएपछि त्यसयता स्वरोजगार जस्तै हुनुभएको छ ।

बालबालिकाका कपडाका साथै महिलाका चोलो, ब्लाउजलगायत सिलाउनका लागि स्थानीयवासी मधुमायाकोमा पुग्ने गर्छन् । सिलाइबाट आएको पैसाले जेनतेन घरखर्चमा सहयोग भएको छ नै, गाउँ समाजका विभिन्न सामाजिक काममासमेत सघाउँदै आउनुभएकी उहाँले धेरथोर रकम सहयोग गरेर अरुका लागि पनि अनुकरणीय हुनुभएको छ ।

दाइने हात खासै नचल्ने र देब्रे हातका भरमा कपडा सिलाउने गरेको बताउँदै उहाँले उपचार भएमा अझै पनि धेरै गर्न सक्ने आँट देखाउनुभयो । हातखुट्टा कुँजिएर बस्नु मधुमायाका बाध्यता भए पनि सामाजिक सञ्जालका माध्यमबाट उहाँले समाजका हरेक गतिविधिलाई अभिरुचिपूर्वक नियाल्दै आउनुभएको छ ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सरकारको न्यूनतम साझा कार्यक्रम बारेमा शीर्ष नेताबीच छलफल

रासस
काठमाडौं, १८ साउन

सत्ता गठबन्धनमा सहभागी दलले सरकारको न्यूनमत साझा कार्यक्रमका बारेमा छलफल गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको प्रमुख शीर्ष नेताको बैठकले गठबन्धन सरकारको नीति तथा कार्यक्रमलाई करिब करिब अन्तिम रुप दिएको छ । थप गर्नुपर्ने केही विषय बाँकी रहे मङ्गलबार पनि छलफल गरेर पूर्ण बनाउने तयारी छ । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र जनता समाजवादी पार्टीका शीर्ष नेताहरूको बैठकले सम्भवतः मङ्गलबार न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्ने र मन्त्रिपरिषद्को विस्तार गर्ने विषयमा सहमति गरेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का प्रेस विज्ञ विष्णु सापकोटाले जानकारी दिनुभयो । बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष दाहाल र जसपा अध्यक्ष उपेन्द्र यादवको उपस्थिति थियो । सत्तारूढ गठबन्धनले कांग्रेस महामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा कार्यदल गठन गरी सरकारको न्यूनतम साझा कार्यक्रम बनाएको हो । कार्यदलमा कांग्रेसका तर्फबाट डा मीनेन्द्र रिजाल, रमेश लेखक, माओवादी केन्द्रबाट देवप्रसाद गुरुङ र वर्षमान पुन, जसपाबाट राजेन्द्र श्रेष्ठ र महेन्द्र राय यादव सदस्य हुनुहुन्छ । कार्यदलले गठबन्धन सरकारको प्राथमिकता, सरकारको नीति तथा कार्यक्रम, सङ्घीयताको कार्यान्वयन लगायतका विषय समेटिएका छन् । सोमबारको बैठकमा सरकारको काम कारबाहीलाई थप प्रभावकारी बनाउँदै देश र जनताको पक्षमा अधिकतम काम गर्ने विषयमा समेत शीर्ष नेताहरूबीच सहमति भएको बताइएको छ । कांग्रेस सभापति देउवा नेतृत्वमा सरकार गठन भएको केही दिन बित्दासमेत मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन । अब केही दिनमै मन्त्रिपरिषद् विस्तार गरेर सरकारको कामलाई गति दिने निष्कर्षमा समेत शीर्ष नेता पुग्नुभएको बताइएको छ ।

## एमालेका विभिन्न विभागमा मनोनयन

रासस
काठमाडौं, १८ साउन

नेकपा (एमाले) को आजको स्थायी कमिटी बैठकले पार्टीका विभिन्न नौ केन्द्रीय विभागमा सदस्य मनोनयन गरेको छ ।

ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा भएको बैठकले ती विभागहरूमा अधिकतम २५ सदस्यसम्म रहन सक्ने व्यवस्था भए पनि पार्टीमा असन्तुष्ट पक्ष काममा फर्कने सक्ने अपेक्षासहित हाललाई ६ देखि १५ सङ्ख्यामा मात्रै सदस्य मनोनयन गरिएको प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो । उहाँले पार्टीलाई अब नयाँ गतिका साथ अघि बढाउने बताउनुभयो । एमालेले यसअघि केन्द्रीय विभागका प्रमुखहरूको जिम्मेवारी तोकिसकेको थियो । आज सदस्य तोकिएका विभागहरूमा पार्टी स्कुल विभाग (प्रमुखः केपी शर्मा ओली), सङ्गठन विभाग (प्रमुखः विष्णुप्रसाद पौडेल), प्रचार विभाग (प्रमुख : प्रदीप ज्ञवाली), संसदीय विभाग (प्रमुख : सुवास नेम्वाङ), आर्थिक विभाग (प्रमुख : विष्णु रिमाल), पर्यटन प्रवर्द्धन विभाग (प्रमुखः भानुभक्त ढकाल), विदेश विभाग (प्रमुखः डा राजन भट्टराई), स्थानीय तह विभाग (अग्नि खरेल) र निर्वाचन विभाग (प्रमुखः देवेन्द्र दाहाल) हुनुहुन्छ ।

एमालेले आगामी भदौ २७ र २८ गते काठमाडौंमा पार्टीको विधान महाधिवेशन आयोजना गर्ने तयारीबारे मस्यौदा तयारी र व्यवस्थापन कमिटीबारे आइताबार निर्णय गरेको थियो । विधान अधिवेशन अगावै प्रस्तावित विधान केन्द्रीय कमिटीबाट पारित गरी छलफलका लागि तल्ला कमिटीमा पठाउने सो पार्टीको व्यवस्था छ । ती विषयमा छलफल गर्न एमालेले यही साउन २४ गते केन्द्रीय कमिटीको बैठक आह्वान गरेको छ । एमालेको आन्तरिक समस्या समाधान कार्यदलले गत असार २७ गते तयार गरेको १० बुँदे सहमतिका आधारमा पार्टीलाई एकताबद्ध बनाउन पहल जारी रहे पनि वरिष्ठ नेता माधवकुमार नेपाल पक्ष बैठकमा अनुपस्थित हुँदै आएको छ ।

विधान महाधिवेशनमा पेश गरिने राजनीतिक प्रतिवेदनको मस्यौदा तयार गर्न पार्टीका अध्यक्ष केपी शर्मा ओली र सङ्गठनात्मक प्रतिवेदन तयार गर्न महासचिव ईश्वर पोखरेलको संयोजकत्वमा कार्यदल गठन भएको छ । पार्टीका स्थायी कमिटी सदस्य रामबहादुर थापाको संयोजकत्वमा विधान महाधिवेशन व्यवस्थापन कार्यदल गठन गरेको छ । एमालेले असोजको पहिलो साता देशभरका सबै वडास्तरका अधिवेशन र दोस्रो साता सबै पालिकास्तरका कमिटीमा अधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरेको छ ।

पत्रकारको प्रश्नको जवाफमा प्रवक्ता ज्ञवालीले एमालेको निर्देशनविपरीत गत वैशाख ३ गते कर्णाली प्रदेशमा नेकपा (माओवादी केन्द्र) का मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई विश्वासको मत दिने प्रकाश ज्वालासहित चार प्रदेशसभा सदस्यलाई गरिएको कारबाही सदर गर्ने सर्वोच्च अदालतको आजको फैसला सही भएको प्रतिक्रिया दिनुभयो ।



# कोभिडविरुद्ध खोपको नमूना विद्युतीय परियोजना सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ साउन**

गण्डकी प्रदेशमा पहिलो पटक म्याग्दीमा कोभिडविरुद्ध खोपको विवरण विद्युतीय बनाउने नमूना परियोजना सुरु भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभागको अगुवाइमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को आर्थिक तथा प्राविधिक सहयोगमा बेनी नगरपालिकामा सो परियोजना सुरु भएको हो । परियोजनाका कारण खोप केन्द्रमा हुने भीडभाड कम भएर सङ्क्रमणको जोखिम न्यूनीकरण गर्ने तथा खोप लगाएका व्यक्तिको अभिलेखीकरणमा पनि सहज हुने बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले बताउनुभयो।

खोपलाई विद्युतीय बनाउने अभियानको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रममा बोल्दै स्वास्थ्य सेवा बिभाग व्यवस्थापन महाशाखा, एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखाका तथ्याङ्क अधिकृत दिवाकर सापकोटाले नविनतम प्रविधिको प्रयोगले नगरवासीलाई निक्कै सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

युएनडिपीका गण्डकी तथा लुम्बिनी प्रदेश प्रमुख सुदीप अर्यालले कोभिडविरुद्धको खोपको अभियानलाई सार्थक र सफल बनाउन अभियान सुरु गरिएको जानकारी दिँदै सात वटै प्रदेशका एक/एक पालिकामा यो अभियान सुरु भएको जानकारी दिनुभयो।

लुम्बिनीको बुटवल उपमहानगरपालिकामा यसअघि नै यो अभियान सुरु भइसकेको जानकारी गराउँदै उहाँले गण्डकी प्रदेशमा पनि यो अभियान सफल हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा बेनी नगरपालिकाका उपप्रमुख सञ्जु बरुवाल, प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदी, डब्लुएचओका डाक्टर रामु शर्मा, स्वास्थ्य कार्यालय म्याग्दीका जनस्वास्थ्य अधिकृत बिजया पराजुलीलगायतले कार्यक्रमको प्रभावकारिता तथा कार्यक्रममार्फत कोभिडविरुद्धको खोप सञ्चालन गर्दा हुने सहजता तथा फाइदाका बारेमा प्रकाश पार्नुभयो।

# आफ्नो जिम्मेवारी इमान्दारिताका साथ पूरा गर्छु: प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**दमौली, १८ साउन**

नेपाली कांग्रेस तनहुँ क्षेत्र नं १ (ख) ले गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङलाई सोमबार बन्दीपुरको डुम्रेमा स्वागत तथा सम्मान गरेको छ।

पोखरा जाने क्रममा प्रदेश प्रमुख गुरुङलाई सो पार्टीले स्वागत तथा सम्मान गरेको हो । सो अवसरमा प्रदेश प्रमुख गुरुङले नेपाल सरकारले आफूलाई योग्य सम्झेर अवसर दिएको हुँदा आफ्नो जिम्मेवारी इमान्दारिताका साथ पूरा गर्ने उल्लेख गर्दै अब आफू जनताको प्रतिनिधि भएकाले जनताकै चाहना अनुसारको जिम्मेवारी वहन गर्ने बताउनुभयो।

कांग्रेस महासमिति सदस्य रामचन्द्र अधिकारीले एक सच्चा, इमान्दार र कर्तव्यनिष्ठ व्यक्तिलाई प्रदेश प्रमुखमा पाउनु सौभाग्यको कुरा भएको बताउनुभयो।

कांग्रेस महाधिवेशन प्रतिनिधि मानकाजी श्रेष्ठ, वडासभापति सुबोध अधिकारी, महिला नेतृ सरिता पियालगायतले प्रदेश प्रमुख गुरुङको कार्यकालमा गण्डकी प्रदेशमा उत्कृष्ट कार्य हुने विश्वास व्यक्त गर्नुभयो।

# चौबीस घन्टामा ३,१२५ संक्रमित, २३ को मृत्यु

**रासस**
**काठमाडौं, १८ साउन**

नेपालमा गएको २४ घन्टामा तीन हजार १२५ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सोमबार १३ हजार ८११ जनामा परीक्षण गर्दा तीन हजार १२५ जनामा सङ्क्रमण देखिएको हो।

यस्तै गत २४ घण्टामा एक हजार ९२५ जना यो सङ्क्रमणबाट मुक्त भएका छन् । नेपालमा अहिलेसम्म छ लाख ५८ हजार १२२ जना यो सङ्क्रमणबाट मुक्त भएका र निको हुने दर ९४.१ प्रतिशत रहेको छ । यस्तै गएको २४ घण्टामा सङ्क्रमणबाट २३ जनाको निधन भएको छ । आज निधन भएकासँगै नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट नौ हजार ८९८ जनाको ज्यान गएको छ।

हाल सघन उपचार कक्ष (आइसियु) मा ६९० जना र भेन्टिलेटरमा १७५ जना उपचार गराइरहेका पनि मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

# नेपालीसहित २६ देशका विद्यार्थीलाई कोरिया प्रवेश नगर्न सुझाव

**रासस**
**काठमाडौं, १८ साउन**

दक्षिण कोरियामा डेल्टा भेरियन्टसहित कोभिड सङ्क्रमण दर उच्च भएपछि यहाँ अध्ययन गर्न आउने नेपाललगायत विदेशी विद्यार्थीलाई तत्काल कोरिया प्रवेश नगर्न सुझाव दिएको छ।

पछिल्लो समय कोरियामा सङ्क्रमण दर उच्च देखिएपछि यहाँको सरकारले उक्त सुझाव दिएको हो । दक्षिण कोरियामा आगामी सेप्टेम्बरबाट कलेजहरूमा दोस्रो सेमेस्टर सुरु हुँदैछ । सुरु हुने भए तापनि यहाँको शिक्षा मन्त्रालयले डेल्टा भेरियन्टसहित कोभिड-१९ सङ्क्रमणको दर उच्च रहेका २६ देशबाट कोरिया प्रवेश नगर्न सुझाव दिएको हो । मन्त्रालयका अनुसार कम्तीमा पनि ७० प्रतिशत कोरियाली जनताले खोप नलगाएसम्म विदेशी बिधार्थी हाललाई स्वीकार्य हुने छैन। दक्षिण कोरियाले हालसम्म ३४.९ प्रतिशत पहिलो र १३.५ प्रतिशत दोस्रो डोजको खोप लगाएको छ। आगामी सेक्टेम्बरको अन्त्यसम्म ७० प्रतिशत खोप लगाउने लक्ष्य पूरा हुने मन्त्रालयले बताएको छ।

नेपालसहित तत्काल प्रवेशमा रोक लगाएका देशहरूमा भारत, दक्षिण अफ्रिका, मलावी, बोत्सवाना, मोजाम्बिक, इस्वातिनी, जिम्बाब्वे, बङ्गलादेश, ब्राजिल, सुरिनाम, पाराग्वे, चिली, उरुग्वे, फिलिपिन्स, इन्डोनेसिया, संयुक्त अरब इमिरेट्स, उज्बेकिस्तान, भियतनाम, रुस, लेबनान, मलेसिया, हाइटी, अंगोला, कुवेत र त्रिनिदाद र टोबागो छन्।

मन्त्रालयका अनुसार पहिलो सेमेस्टरका लागि ३३ हजार ८२६ विदेशी विद्यार्थी कोरिया प्रवेश गरेका छन्। यो २०१९ को तुलनामा ८२ प्रतिशत कम हो । प्रवेश गरेकामध्ये हालसम्म २५५ जनामा कोरोना भाइरस पुष्टि भइसकेको छ।

# एन्फा प्रवक्ता राईद्वारा राजीनामा

**रासस**
**काठमाडौं, १८ साउन**

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का केन्द्रीय सदस्य किरण राईले प्रवक्ता पदबाट आज राजीनामा दिनुभएको छ।

राईले सातदोबाटोस्थित एन्फाको मुख्यालयमा पुगेर अध्यक्ष कर्मा छिरिङ शेर्पालाई प्रवक्ता पदबाट दिएको राजीनामा पत्र बुझाउनुभएको हो । उहाँले केन्द्रीय सदस्य पदमा भने आफू यथावत् रहने समेत बताउनुभयो।

पछिल्लो समय एन्फा कार्यसमिति दुई खेमामा बाँडिदा तटस्थ देखिनुभएका राईले केन्द्रीय सदस्यको भूमिकामा फुटबलमा सक्रिय भएर लाग्नका लागि राजीनामा दिएको बताउनुभयो । उहाँले आफू कुनै खेमामा पनि नजाने भन्दै आफूसँग सहीलाई सही र गलतलाई गलत भन्नसक्ने हैसियत भएको दाबी गर्नुभयो।

राईले एन्फा नेतृत्वको टकराबका कारण फुटबलको हित नहुने भन्दै वर्तमान फुटबलको समाधान चुनावबाट मात्र निस्कने बताउनुभयो । "एन्फाभित्र जुन शक्ति सङ्घर्ष चलेको छ, यसको समाधान देखिँदैन", उहाँले भन्नुभयो, "चाँडो जिल्ला र प्रदेश अधिवेशन सकेर ६-७ महिनाभित्र नयाँ चुनाव गर्नुपर्छ ।" अहिले एन्फामा अध्यक्ष कर्माछिरिङ पक्ष र वरिष्ठ उपाध्यक्ष पङ्कजविक्रम नेम्वाङबीचको मतभेद चुलिँदै आएको छ।

राईले पछिल्लो केन्द्रीय समिति बैठकको निर्णयमा समेत आपत्ति जनाउनुभएको थियो। फुटबलभित्रको विवाद एन्फाभित्रै समाधान खोजिनुपर्नेमा युवा तथा खेलकुद मन्त्रालयलाई छानबिनका लागि सिफारिस गर्ने एन्फाको निर्णय राम्रो नभएको उहाँले उल्लेख गर्नुभयो । उहाँले एन्फा कार्यसमिति बैठकमा सङ्घभित्रको समस्याको समाधान खोजिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

अध्यक्ष कर्माछिरिङ शेर्पाको प्यानलबाट राई एन्फाको केन्द्रीय सदस्य जित्नुभएको थियो। अध्यक्ष शेर्पाले उहाँलाई एन्फा प्रवक्तामा नियुक्त गर्नुभएको थियो।

# उपचारदाताको ...

ट ा ` ल छिमेकका गतिविधिको जानकारी लिन र गाउँमा कसैको जानकारी एवं मोबाइल नम्बर आवश्यक भए पनि बालकदेखि वृद्धसम्म मधुमायाकोमा पुग्ने गर्दछन्। उपचार गर्न सके आफ्ना लागि मात्रै नभई समाजका लागि पनि केही गर्नुपर्छ भन्ने आफ्नो सोच रहेको र आफू यतिखेर उपचार गरिदिने व्यक्ति एवं संस्थाको खोजीमा रहेको उहाँले बताउनुभयो। "नयाँ नयाँ प्रविधिका विकासले अहिले धेरै जटिल किसिमका रोगको उपचार हुँदै आएको छ", मधुमायाले भन्नुभयो "खर्चिलो उपचारका लागि पैसा नभएकै कारण कुजिएर बस्नुपर्दा दुःख लाग्दो रहेछ।"

**रक्तदान जीवनदान**
**जीवनदान महादान**


## हार्दिक बधाई



**श्री सूर्य आचार्य**
(NRNA Australia 2021-2023)

साविक सिल्दुजुरे गा.वि.स. वडा नं.७ पानीघाट ग्युँजे (हाल मादी गाउँपालिका-७ कास्की) पुख्र्यौली घर भइ पोखरा महानगरपालिका वडा नं. १३ अन्तर्गत पर्ने हिमाली टोल विकास संस्थाका भू.पू. अध्यक्ष वर्तमान सल्लाहकार श्री भूपति आचार्यको माहिला छोरा **श्री सूर्य आचार्य** विगत १४ वर्षदेखि अस्ट्रेलियमा बसोबास गरी सरकारी अस्पतालमा कार्य गरिरहेकोमा हाल अन्तर्राष्ट्रिय समन्वय परिषद् साउथ अस्ट्रेलिया एडिलेटबाट (ICC MEMBER, NRNA Australia 2021-2023) सदस्य पदमा अत्याधिक मतले निर्वाचित हुनु भएकोले उहाँको उत्तरोत्तर प्रगतिको कामना सहित पूर्ण कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं।


**क्या. तेजबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**हिमाली टोल विकास संस्था परिवार**
**पोखरा-१३, कास्की**




## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# दलको ह्विप लाग्ने

सर्वोच्च अदालतले राजनीतिक दलको ह्विप उल्लंघन गर्दा सांसदको पद जाने आदेश दिएको छ । सर्वोच्च अदालतले सोमबार कर्णालीमा फ्लोर क्रस गरेपछि एमालेले चार सांसदमाथि गरेको कारबाही वैधानिक भएको ठहर गरेको छ। दलीय अनुशासन पालना नगरेपनि हुन्छ भन्ने पुरानो निर्णय उचित थिएन भन्ने नेकपा एमालेको धारणा सहि थियो भन्ने भएको छ। एमालेले सर्वोच्चको आदेश न्यायोचित भएको प्रतिक्रिया दिएको छ । अदालतको आदेशप्रति एमालेको निर्देशनविपरीत कर्णाली प्रदेशमा नेकपा (माओवादी केन्द्र) का मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई विश्वासको मत दिने प्रकाश ज्वालासहित चार प्रदेशसभा सदस्यलाई गरिएको कारबाही सदर गर्ने फैसला सही भएको प्रतिक्रिया दिएको छ। फ्लोर क्रस गर्न सांसदलाई पुनर्वहाली गर्न यस अगाडि दिएको अन्तरिम आदेश गलत थियो भन्ने स्पष्ट भएको छ। एमाले सहि भएको पुनःपुष्टि भएको छ।

अदालतको आदेशबाट शेरबहादुर देउवालाई प्रधानमन्त्रीका लागि दिएको आदेश राजनीतिक थियो भन्ने पुष्टि भएको एमालेको दाबी छ। 'आज गरेको फैसलाले पनि शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन गरिएको संविधानको धारा ७६(५)को व्याख्या गलत छ कुरा भन्ने पुष्टि भएको छ,।',' यो दलिय व्यवस्था हो भने एक ठाउँ दलको आदेश पालना हुने अर्को ठाउँ लागू नहुने दुई कानुन हुन सक्दैन ।' एमालेले कारबाही गरेपछि पदमुक्त भएका प्रकाश ज्वाला, अम्मरबहादुर थापा, कुर्मराज शाही र नन्दसिंह बुढालाई सर्वोच्चले यसअघि अन्तरिम आदेश दिएर सांसद पदमा पुनर्वहाली गरिदिएको थियो। तर अध्यक्ष केपी शर्मा ओलीको भ्याकेट निवेदनमाथि सोमबार सुनुवाइ गर्दै प्रधानन्यायाधीश चोलेन्द्र शमसेर जबरा र प्रकाश ढुंगानाको इजलासले न्यायाधीश प्रकाशमान सिंह राउतको अन्तरिम आदेश खारेज गरेको छ। अदालतको यो आदेशसँगै अब एमालेका चार सांसद पदमुक्त भएका छन् । सर्वोच्चको आदेशपछि माओवादी केन्द्रका मुख्यमन्त्री महेन्द्र बहादुर शाही बलिया भएका छन । एमालेको कानुनी रुपमा रहेको एकल बहुमत गुमेको छ।

गत वैशाख ३ गते मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले प्रदेश सभामा विश्वासको मत लिएका थिए । त्यसक्रममा एमालेको माधव नेपाल पक्षका चारजना सांसदहरुले फ्लोर क्रस गरेर माओवादी नेतृत्वको प्रदेश सरकार जोगाइदिएका थिए । त्यसपछि पार्टीको ह्वीप उलंघन गरेको भन्दै एमालेले चारै जनालाई सांसद पद र पार्टीको साधारण सदस्यबाटसमेत हटाएको थियो । आफूहरुमाथि गरिएको कारबाहीविरुद्ध सांसदहरु अदालतमा पुगेको थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले उनीहरुलाई कारबाही गर्ने निर्णय कार्यान्वयन नगर्न प्रदेशसभा सचिवालयको नाममा आदेश दिएको थियो।

अदालतले सोमबार दिएको आदेशमा भनिएको छ, 'आफैं समावेश भएको संसदीय दलको निर्णय विपरीत फ्लोर क्रस गरी दलको निर्णयविरुद्ध उभिई भएको कामकारबाहीलाई लोकतान्त्रिक पद्धति एवम् संस्कार र मान्यता अनुकूल एवम् नेपालको संविधान तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २८ र दफा ३२ अनुकूल भएको मान्न नसकिने हुँदा यस अदालतबाट जेठ २७ मा जारी भएको अन्तरिम आदेशले निरन्तरता पाउन सक्ने अवस्था नदेखिँदा उक्त अन्तरिम आदेश खारेज हुने ठहर्छ।' शेर बहादुर देउवालाई बाहेक दलको निर्णय विरुद्ध जाने कार्वाही हुन्छ भन्ने सन्देश हो।दलको ह्विप केही होइन भन्ने मान्यता हटेर फेरि दलको अनुशासनमा बस्नुपर्छ भन्ने बोध गराएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सम्मान मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# वर्षेनी बढ्दो प्राकृतिक विपत्ति

–नारायण ढुङ्गाना
काठमाडौं, १८ साउन (राससं

पछिल्ला केही वर्षयता मनसुनजन्यसहित विपद्का घटना बढ्दो छ। एक दशकको तथ्याङ्क हेर्दा विसं २०७२ सम्म विपद्का दुई हजारभन्दा कम घटना भएका थिए। विसं २०७३ पछि विपद्का घटना क्रमशः दुई हजारबाट उकालो लागेकामा पछिल्ला केही वर्ष (विसं २०७५-२०७७) मा भने चार हजार बढी प्राकृतिक विपत्ति निम्तिए।

बाढीका कारण हुने मानवीय क्षति घटे पनि पहिराबाट हुने क्षति बढ्दै जाने अर्को जोखिमको विषय बन्न पुगेको छ। अधिकांश घटना मनसुनका बेला भएकाले उक्त तथ्याङ्कले नेपालमा मनसुनजन्य जोखिम थप चुनौतीपूर्ण रहेको देखिएको छ।

विपद् व्यवस्थापन विज्ञ कृष्ण देवकोटा पछिल्ला वर्षमा पहिराबाट हुने विपद् थप चुनौतीपूर्ण बन्दै गएको बताउनुहुन्छ। उहाँका अनुसार विपद्का दृष्टिले भूकम्पलाई छाडेर हेर्दा पछिल्लो दशक बाढीका कारणले हुने मृत्यु दर घटेको तर पहिराबाट हुने क्षति भने बढेको छ । उहाँले बाढी र पहिराजन्य घटना भने बढेको छ । "मुख्यतः पूर्वसूचना प्रणाली तुलनात्मकरुपमा प्रभावकारी देखिएकाले र जनचेतना बढेकाले सावधानी अपनाउने क्रम बढ्दा बाढीबाट हुने क्षति घटेको हो, भलै कुनैकुनै वर्ष बढेको हुनसक्छ, देवकोटाले अगाडि थप्नुभयो, "तुलनात्मकरुपमा पहिराबाट मृत्यु बढेको छ।"

उहाँ यसरी पहिरो बढ्नुमा पहाडी इलाकामा बाटोको सङ्ख्या वृद्धि हुने तर रोकथामका उपाए नअपनाइनु कारक हो भन्नुहुन्छ । अर्को कारण भने एकै ठाउँमा धेरै पानी (हाँडीघोप्टे पानी) पर्दा भेल पहिराले जनधनको ठूलो क्षति गराएको छ । गएको दुई वर्षमा सिन्धुपाल्चोक, बाग्लुङ, मनाङ, कास्की, तनहुँ, लमजुङ, पर्वतलगायत दर्जन जिल्लामा एकै ठाउँमा बढी पानी परेर भेल पहिरो आएको देखिएको छ।

पछिल्लो एक दशक (विसं २०६८-२०७७) मा विपद्का २४ हजार ५८६ घटना भयो । उक्त विपद्बाट चार हजार ५६ को मृत्यु भएकामा त्यसको आधा मानवीय क्षति बाढी र पहिराले गराएको छ। उक्त अवधिमा सबैभन्दा बाढी पहिराले एक हजार २०५, दोस्रोमा चट्याङ्बाट ९९९, तेस्रोमा बाढीले ७९४ र चौथो नम्बरमा आगलागीले ७१० को ज्यान लियो।

एक दशकको छ वर्ष बाढीले बढी मानवीय क्षति गराएको छ। प्राप्त विवरणअनुसार पहिराबाट बढी क्षति (विसं २०६८, ७०, ७१, ७२, ७३ र ७७ मा क्रमशः १२६, १३१, १२९, १३५, १४७ र ३०१ को मृत्यु) भएको छ। चट्याङ्ले विसं २०६८, ६९ र ७६ मा बढी मानवीय क्षति गरायो । बाढीले २०७४ सालमा मात्रै बढी क्षति (१६६ मृत्यु) गराएको छ भने आगलागीबाट विसं २०७५ सालमा सबैभन्दा बढी ८९ जनाको मृत्यु भयो। विपद्बाट एक दशकमा ८१३ वेपत्ता र आठ हजार २२९ जना घाइते भए।

एक लाख १९ हजार परिवार प्रभावित भएकामा ५२ हजार ८३० घर आंशिक र छ हजार ४५६ घर पूर्ण क्षति भएको छ। यसबाट कूल रु ३८ अर्ब ९५ करोड १४ लाख क्षति भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ। आगलागी र चट्याङले नजानिँदोरुपमा मानवीय क्षति गराइरहे पनि घटना न्यूनीकरणको प्राथमिकतामा पर्न सकिरहेको छैन । यद्यपि, यसपालिबाट भने आगलागीका घटना नियन्त्रणमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले चासो दिन थालेको छ।

यसपटक हेलिकप्टरमार्फत आगलागी नियन्त्रणका प्रयास गरिएको थियो। यो नेपालमै पहिलो अभ्यास भएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउनुहुन्छ। विपद्का घटना बढ्न थालेपछि सरकारले आगामी १० वर्षभित्रमा नेपाललाई विपद् उत्थानशील राष्ट्र बनाउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी १० वर्षे महाअभियान शुरु गरेको छ।

सरकारले विपद्बाट प्रभावितको पुनःस्थापनका लागि अस्थायी आवास पुनःनिर्माण कार्यक्रमलाई समेत गएको वर्षबाट तीव्ररुपमा अघि बढाएको छ । विश्वकै अग्लोदेखि निकै होचो भूभाग रहेको र भिरालो जमिन प्रसस्त रहेकाले मनसुनजन्य विपद्बाट नेपाल उच्च जोखिममा रहेको छ। गृह मन्त्रालयको नेपाल विपद् प्रतिवेदन २०१९ अनुसार मनसुनजन्य प्रकोपका कारण वार्षिक झण्डै एक हजारले ज्यान गुमाउने गरेका छन्। जल प्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एशियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ । भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमशः ११औं र ३० औं स्थानमा छ। जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ। प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन् । वार्षिक तीन लाख ३५ हजार जनसङ्ख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेको छन्। मनसुनजन्य विपद्बाट क्षति रोक्ने पूर्वतयारी प्रमुख उपाय हो । भरपर्दो सूचना सङ्कलन, सम्भावित जोखिम र क्षतिको आँकलन, समयमै आवश्यक सूचना प्रवाह र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामनाका लागि गर्नुपर्ने तयारी चुस्त बनाउन सकिएन भने विपद्बाट ठूलो धनजनको क्षति हुने सम्भावना हुन्छ । समय परिस्थिति बुझेर अवश्यक तयारी र सचेतनाका कार्यक्रम नियमित गर्नुपर्ने विज्ञको सुझाव छ । हरेक वर्ष दोहोरिने बाढी, पहिरो, डुबान चट्याङ र आगलागीबाट क्षति रोक्न उच्च तयारी आवश्यक छ । प्राधिकरणका प्रमुख पोखरेल जोखिम न्यूनीकरणमा ठूलो लगानी आवश्यकता रहेको औंल्याउनुहुन्छ । "जोखिम क्षेत्रका बस्ती सुरक्षित ठाउँमा लैजानुपर्छ, जोखिम आँकलन गरेर बीमा कार्यक्रम पनि चलाउन जरुरी", पोखरेलले भन्नुभयो, "पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउँदै हाम्रो उद्दार क्षमता वृद्धि गर्नु अत्यावश्यक भइसकेको छ ।" उहाँका अनुसार २०७२ सालको भूकम्पपश्चात हेर्दा एउटाले अर्कोलाई तानेको देखिन्छ। भूकम्पले हल्लाएर पहाड कमजोर बनायो, त्यसले पहिरो निम्त्यायो, त्यही बग्दा बाढी बढ्यो, जलवायु परिवर्तनका कारण पानी पर्ने प्रणालीमा उथलपुथल ल्यायो। अब त्यसबाट पाठ सिकेर कमजोर भूवनोट व्यवस्थापनका लागि विशेष योजना बनाउनु जरुरी रहेको पोखरेलले बताउनुभयो । नेपाल सरकारले ल्याएको विपद् व्यवस्थापनको महाअभियान त्यसैको एउटा कडी हो।

### विपद्बाट कुन वर्ष, कति क्षति ?

बाढी पहिराका हिसाबले दशकै सबैभन्दा जोखिम वर्ष २०७७ बन्न पुग्यो । गएको वर्ष मुलुकले अकल्पनीयरुपमा मानवीय क्षति बेहोरेको छ। गत वर्ष औषत् पानी पर्ने अनुमानका बीच केही ठाउँमा अतिवृष्टि भएर भेल पहिरो आएको थियो । यस वर्ष औसतभन्दा बढी पानी पर्ने भनिए पनि सिन्धुपाल्चोक र मनाङबाहेक गत वर्षको तुलनामा कम क्षति छ। यद्यपि, वर्षा भने जारी रहेकाले चुनौती कायमै छ।

### विसं २०७८ को हालसम्म

यो वर्षको अहिलेसम्म कूल एक हजार ३०८ विपद्का घटना भएका छन् । कूल १५१ जनाको मृत्यु भएको छ भने ३७ जना बेपत्ता छन् । यसमा सबैभन्दा बढी चट्याङबाट ३८ जनाले ज्यान गुमाएका छन्।

पहिराले ३४ र बाढीले २६ जनाको ज्यान लिएको छ । पहिराले सबैभन्दा बढी २ ९ जना बेपत्ता बनाएको छ भने बाढीले सात र हावाहुरीले एक जना बेपत्ता पारेको छ । आगलागीबाट १२ को मृत्यु भएको छ । रु ६३ करोडको भौतिक क्षति भएको छ। यसपालि मुलुकमा सिन्धुपाल्चोक र मनाङलगायत ४८ जिल्लामा ठूलो जनधनको क्षति भएको छ।

### विसं २०७७

विसं २०७७ मा कूल चार हजार २०५ प्राकृतिक विपत्तिमा ५९१ जनाको मृत्यु भएको छ भने १०१ जना बेपत्ता भए। यो दशककै सबैभन्दा बढी मानवीय क्षति भएको वर्ष हो।

पहिराले मात्रै ३०१ व्यक्तिको ज्यान लियो भने ६४ बेपत्ता भए। त्यसपछि आगलागीबाट ९७ र चट्याङबाट ७० जनाले ज्यान गुमाएका छन् । बाढीबाट ४२ को मृत्यु र ३७ वेपत्ता भए।

### विसं २०७६

यो वर्ष चार हजार ३४ विपद्का घटनामा ३८१ को मृत्यु भएको छ। कूल ४८ जना बेपत्ता भए। यस वर्ष सबैभन्दा बढी चट्याङका कारण ८८ जनाले ज्यान गुमाए। पहिरोले ८३ र बाढीले ७३ को ज्यान लियो।

### विसं २०७५

यस वर्ष चार हजार १७२ घटनामा ३६६ को मृत्यु भएको छ। जसमा सबैभन्दा बढी आगलागी र पहिराका कारण क्रमश ८९ र ८८ ले ज्यान गुमाए।

### विसं २०७४

यस वर्ष दुई हजार ६२ ९ घटनामा ४४८ को मृत्यु भयो । कूल ५७ जना बेपत्ता भएका छन् । उक्त वर्ष बाढीले १६६ र चट्याङका कारण १०५ को मृत्यु भयो । पहिराले ७५ को ज्यान लियो।

### विसं २०७३

विसं २०७३ मा दुई हजार ५२९ विपद्का घटनामा ४२६ ले ज्यान गुमाए। कुल ४५ जना वेपत्ता भएको अभिलेख छ। जसमा सबैभन्दा बढी पहिराले १४७, चट्याङले ११४ र बाढीले १०१ को ज्यान लियो।

### विसं २०७२

यो साल विपद्का ९८९ घटनामा ३०० जनाले ज्यान गुमाए भने १६ बेपत्ता भए। जसमा सबैभन्दा बढी पहिराबाट १३५ जनाले ज्यान गुमाएका छन् । चट्याङले ८३ र आगलागीबाट ७३ को मृत्यु भएको छ।

### विसं २०७१

विपद्काका एक हजार २२३ घटनामा ४४९ जनाको मृत्यु भएको छ भने २६२ बेपत्ता भए। उक्त वर्ष बाढीबाट १२९ मृत्यु र १३३ बेपत्ता तथा पहिराबाट ११६ को मृत्यु र १२९ बेपत्ता भए । यो सबैभन्दा बढी मानिस बेपत्ता भएको वर्ष हो । चट्याङबाट १२६ ले ज्यान गुमाएका छन्।

### विसं २०७०

उक्त वर्ष विपद्सम्बन्धी एक हजार ४८३ घटना भएकामा ३८८ को मृत्यु र १५५ जना बेपत्ता भए। सबैभन्दा बढी बाढीबाट १३१ जनाले ज्यान गुमाए। चट्याङबाट १११ को मृत्यु भएको थियो । पहिराले ७९ को मृत्यु भएको छ।

### विसं २०६९

त्यस वर्ष एक हजार ७३३ विपद्का घटना भयो। त्यसमा परेर कूल २८२ जनाको मृत्यु भयो भने १५ जना बेपत्ता भए। सबैभन्दा बढी चट्याङबाट १३१ जनाको मृत्यु भयो भने पहिराले ६८ र आगलागीबाट ६३ ले ज्यान गुमाए। बाढीबाट नौ जनाको मृत्यु भयो।

### विसं २०६८

कूल एक हजार ५७४ घटनामा ४२४ को मृत्यु भयो भने ११९ जना बेपत्ता भए। यसमा बाढीबाट १२६, पहिरोबाट ११३ र चट्याङबाट १०३ को मृत्यु भयो।

# नमूना पशु अस्पताल निर्माण शुरु

पोखरापत्र संवाददाता
तनहुँ, १८ साउन

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तनहुँले नमूना पशु अस्पताल निर्माण शुरु गरेको छ । कार्यालयमार्फत बोलपत्र आह्वान गरी निर्माण कम्पनीसँग ठेक्का सम्झौता पश्चात् अस्पतालको भवन निर्माण अघि बढाइएको हो।

डेढ वर्षभित्र सम्पन्न गर्ने गरी इको बिल्डर्स प्रालि. चितवनले निर्माणको जिम्मा पाएको पशुसेवा विज्ञ केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । पहिलो चरणमा सेमी ढलानसहितको तीन तले भवन निर्माण गर्न लागिएको हो । उहाँले भन्नुभयो,"बहुवर्षीय योजनाअन्तर्गत अस्पतालको भौतिक संरचना विस्तार गर्दै लैजाने योजना रहेको छ।" नेपालको ७७ जिल्लामध्ये पहिलो चरणमा कास्की र तनहुँमा पशु अस्पताल निर्माण हुन लागेको हो।

गण्डकी प्रदेश सरकारको रु दश करोडको लागतमा कार्यालय परिसरमा रहेको ६०५.४४ मिटर क्षेत्रफलमा अस्पताल निर्माण शुरु गरिएको छ । अस्पतालको भवन निर्माण पश्चात् आधुनिक उपकरण जडान गरिनेछ। उहाँले भन्नुभयो,"व्यवस्थित प्रयोगशाला, भिडियोएक्सरे, एक्सरेको साथसाथै प्रविधिक जनशक्ति व्यवस्था गरिने छ ।" दमौलीमा पशु अस्पताल बनेपछि छिमेकी जिल्ला गोरखा, लमजुङलगायतका आसपास क्षेत्रमा सेवा पुऱ्याउन सकिनेछ । पशु धनलाई क्षति हुनबाट जोगाउन पशु स्वास्थ्य कार्यक्रमलाई केन्द्र विन्दुमा राखिएको डा श्रेष्ठले बताउनुभयो।

पशुमा लाग्ने महामारीजन्य रोग पहिचान तथा न्यूनीकरण गर्न सकिए कम्तीमा २० प्रतिशतले उत्पादन वृद्धि गर्न सकिनेछ। देख्दा नदेखिने जुका, माटे जस्ता रोगले दूध तथा मासु उत्पादन घटाइरहेका हुन्छन्, हामीलाई थाहा हुदैन् । उहाँले भन्नुभयो, "रोग पहिचान गरी समयमा औषधि उपचार गर्न सकिए किसानको आम्दानीमा वृद्धि हुनेछ।"

# छसय ६३ स्थानीय तहमा पुग्यो इन्टरनेट

रासस
काठमाडौं, १८ साउन

देशैभर उच्च गतिको ब्रोडब्याण्ड इन्टरनेट पुऱ्याउने लक्ष्यसहित नेपाल दूरसञ्चार प्राधिकरणले अघि बढाएको परियोजना अन्तर्गत असार मसान्तसम्म ६६३ स्थानीय तहमा इन्टरनेट जडान गरिएको छ।

प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको आर्थिक सहयोगमा उक्त सेवा उपलब्ध गराउन सम्बन्धित परियोजनालाई १८ वटा प्याकेज बनाएर सञ्चालन गर्दै आएको हो। उक्त प्याजेक अन्तर्गत असार मसान्तसम्ममा ९४ दशमलव ४४ प्रतिशत स्थानमा उच्च गतिको इन्टरनेट जडान भइसकेको छ।

अठार प्याकेजमध्ये १५ प्याकेजअन्तर्गत ६० जिल्लाका तोकिएका स्थानमा १०० प्रतिशत तथा दुई प्याकेज अन्तर्गत १० जिल्लामा ५० प्रतिशतभन्दा बढी स्थानमा इन्टरनेट जडान गरिएको छ । यस्तै चार जिल्लाका तोकिएका स्थानमा सञ्जाल विस्तारका लागि सेवा प्रदायक छनोट भई निर्माण कार्य भइरहेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार १८ वटा प्याकेजका १५ हजार ९८२ स्थानमध्ये हालसम्म १४ हजार २१८ स्थानमा इन्टरनेट जडान भइसकेको छ भने एक हजार ७६४ स्थानमा इन्टरनेट जडान गर्न बाँकी छ । सातसय दुई स्थानीय निकायमध्ये असार मसान्तसम्म ६६३ स्थानमा इन्टरनेट जडान भइसकेको र ३९ स्थानीय तहमा जडान भइरहेको छ।

यसैगरी पाँच हजार ९३३ वडा कार्यालयमध्ये हालसम्म पाँच हजार २६४ स्थान, पाँच हजार २२५ माध्यमिक विद्यालयमध्ये चार हजार ६४० विद्यालय र चार हजार १२२ स्वास्थ्य संस्थामध्ये तीन हजार ६५१ संस्थामा इन्टरनेट जडान भइसकेको छ। सम्पन्न भइसकेका परियोजनामध्ये हालसम्म छ वटा परियोजनाको अनुगमन तथा प्रमाणीकरण भइसकेको, दुई परियोजनाको प्राधिकणबाट नियुक्त परामर्शदाताबाट पहिलो चरण अन्तर्गतको अनुगमन तथा प्रमाणीकरण भइरहेको र दुई परियोजनाको दोस्रोचरण अन्तर्गतको अनुगमन तथा प्रमाणीकरण भइरहेको छ।

कूल रु पाँच अर्ब २६ करोड ९७ लाख ७० हजार रकममध्ये हालसम्म रु तीन अर्ब ३८ करोड ८७ लाख ब्रोडब्याण्ड परियोजनाका लागि सेवा प्रदायकलाई भुक्तानी गरिएको प्राधिकरणका प्रवक्ता पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त परियोजना अन्तर्गत देशभरका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउन लागिएको हो।

उक्त परियोजनामा उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लालाई समेटिएको छैन्।

रक्तदान जीवनदान
जीवनदान महादान

# अनुमतिविनै विद्यालय सञ्चालन

–कृष्ण न्यौपाने
दमौली, १८ साउन (रासस)

कोभिड-१९ जोखिमका बीचमा तनहुँका केही स्थानीय तहमा विद्यालय सञ्चालनमा आएका छन् । जिल्ला सङ्कट व्यवस्थापन केन्द्र तनहुँले कोरोनाको जोखिम कायमै रहेकाले तत्काल विद्यालय सञ्चालन नगर्न निर्देशन दिए पनि उक्त निर्देशनको अटेरी गर्दै सामुदायिक तथा निजी विद्यालय सञ्चालनमा आएका हुन् ।

तनहुँ जिल्लामा निषेधाज्ञा खुकुलो भएसँगै कोरोना सङ्क्रमण थप वृद्धि भइरहेको छ । यस्तो जोखिमकै बीचमा विद्यालय सञ्चालनमा आएपछि बालबालिका झनै जोखिममा परेका छन् । निजी विद्यालयले विद्यालय पोशाक विना विद्यार्थी विद्यालयमा बोलाएका छन् भने सामुदायिक विद्यालयले विद्यालय पोशाकमै विद्यार्थी बोलाएर पठनपाठन शुरु गरेका हुन् ।

यद्यपि कतिपय विद्यालयका प्रधानाध्यापकले भने विद्यार्थीलाई विद्यालयमै बोलाइएपछि पठनपाठन शुरु नगरिएको दाबी गरेका छन् । व्यास नगरपालिका-१ भादगाउँस्थित न्यू मनकामना बोर्डिङ स्कूलका प्रिन्सिपल दिपेन्द्र चौहानले गृहकार्य दिनका लागि विद्यार्थी बोलाएर विद्यालय सञ्चालन गरिएको जानकारी दिनुभयो । "विद्यालय खोलेको तीन चार दिन भयो, पठनपाठनभन्दा पनि विद्यार्थीलाई गृहकार्य दिने काम भएको छ", उहाँले भन्नुभयो, "पूर्णरुपमा विद्यालय नै खुलेको होइन ।"

लामो समयदेखि विद्यालय बन्द भएर विद्यार्थी घर बस्दा पढ्ने बानी हराउँदै जान थालेपछि अभिभावकको गुनासो आएकाले विद्यार्थीलाई विद्यालयमै बोलाइएको चौहानले बताउनुभयो । "अभिभावकले पनि विद्यालय खोलिदिएअहुन्थ्यो भनेर गुनासो गर्न थाल्नुभयो, दुई/तीन घण्टा विद्यार्थीलाई विद्यालयमा राखेर घर पठाउँछौं", उहाँले भन्नुभयो । व्यास नगरपालिका-५ साँगेस्थित व्यास मनकामना बोर्डिङका प्रिन्सिपल रामकृष्ण विकले औपचारिकरुपमा कक्षा सञ्चालन नभए पनि विद्यार्थीलाई बोलाएर एक/दुई घण्टा पठनपाठन गराइएको बताउनुभयो ।

कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई विद्यालयमै दुई घण्टा कक्षा सञ्चालन गरिएको उहाँले बताउनुभयो । एन प्याब्सन तनहुँका अध्यक्षसमेत रहनुभएका उहाँले कतिपय विद्यालयले बससमेत सञ्चालन गरेको आफूले जानकारी पाएको बताउनुभयो ।

व्यास नगरपालिका-१२ कमलाबारीस्थित सिद्धेश्वरी माध्यमिकविद्यालयलेआइतबारदेखि विद्यालयमै पठनपाठन शुरु गरेको छ । विद्यालयका शिक्षक कृष्णचन्द्र पाण्डेलेआजदेखिविद्यार्थीबोलाइएको बताउनुभयो । "अहिलेसम्म त हामीले पनि अनलाइनबाटै कक्षा चलाइरहेका थियौं, तर केही दिनयता बोर्डिङ खुल्न थाले, बस पनि चल्न थालेपछि विद्यालयले कक्षा सञ्चालन गर्ने निर्णय गऱ्यो", उहाँले भन्नुभयो । उहाँका अनुसार जोर बार जोर कक्षा र विजोर बार विजोर कक्षा सञ्चालनको तयारी गरिएको छ। "पहिलो दिन स्वअध्ययन सामग्री पनि बाँडेका छौं, अहिलेसम्म त अनलाइनबाटै पठनपाठन भइरहेको थियो", उहाँले भन्नुभयो ।

दमौलस्थित वाराही बोर्डिङका प्रिन्सिपल विष्णु खड्काले परीक्षा सञ्चालनका लागि विद्यालय खोलिएको र बस सञ्चालन गरिए पनि पठनपाठन भने नभएको बताउनुभयो । "परीक्षा सञ्चालनका लागि दुई घण्टा विद्यालय खोलेका छौं", उहाँले भन्नुभयो। व्यास नगरपालिका-१ का अभिभावक विष्णु थापाले विद्यालयले विद्यालय खोलेर बच्चा पठाउन भनेपछि आफूले छोराछोरीलाई विद्यालय पठाउन थालेको एक हप्ता भएको बताउनुभयो । "कोभिडको जोखिम झनै बढेको छ तर विद्यालयले बच्चा पठाउनु भनेपछि पठाउनै पऱ्यो", उहाँले भन्नुभयो ।

व्यास नगरपालिका शिक्षा शाखाका प्रमुख नगेन्द्रप्रसाद रेग्मीले विद्यालय खोल्ने अनुमति नभए पनि कतिपय विद्यालयले आफूखुशी विद्यालय सञ्चालन गरेको जानकारी पाएको बताउनुभयो । "विद्यालय खोल्यौं भनेर कतिपय विद्यालय सञ्चालकले जानकारी गराउनुभएको छ, तर हामीले खोल्ने अनुमति दिएका छैनौं", उहाँले भन्नुभयो, "कोभिड जोखिम कायमै रहेकाले अहिले विद्यालय नखोल्नुस् भनेका छौं ।" उहाँले केही भए त्यसको जवाफदेही स्वयं विद्यालय हुनुपर्ने बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी सागर आचार्यले भने साउन २० गतेसम्म निषेधाज्ञा कायमै रहेको र पठनपाठनका लागि विद्यालय खोल्ने अनुमति नभएको बताउनुभयो। "केही दिन अगाडि एक/दुई वटा विद्यालय खुलेको जानकारी आएको थियो, लगत्तै विद्यालय बन्द गर्न निर्देशन दियौं", उहाँले भन्नुभयो । तर परीक्षा सञ्चालनका लागि भने आवश्यक स्वास्थ्य मापदण्ड अपनाएर विद्यालय खोल्न दिइएको प्रजिअ आचार्यले बताउनुभयो ।

# मनाङका बाढीपीडितलाई राहत वितरण

पोखरापत्र संवाददाता
मनाङ, १८ साउन

पूर्वमन्त्री एवं नेपाली कांग्रेस मनाङका सभापति टेकबहादुर गुरुङ, सांसद कर्म घले र प्रदेशसभा सदस्य चिन्ताबहादुर घलेले मनाङका बाढीपीडितलाई रु ३० लाख बराबरको राहत उपलब्ध गराउनुभएको छ ।

उहाँहरुले मनाङका प्रत्येक घरलाई दाल, चामल, तेल, नुनलगायतका खाद्य सामग्री राहतस्वरुप उपलब्ध गराउनुभएको हो । उहाँहरुले मनाङका चारवटै गाउँपालिकाका लागि राहत वितरण गर्नुभएको हो । उहाँहरुले ४१ हजार केजी खाद्यान्न नेपाली सेनाको हेलिकप्टरमार्फत मनाङ पुऱ्याउनुभएको थियो । खराब मौसमका कारण खाद्यान्न पुऱ्याउन नसकिएका बाँकी ठाउँमा मौसममा सुधार आउनेबित्तिकै ढुवानी गरिने पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङले बताउनुभयो । त्यसका लागि राहत वितरण टोलीका सदस्यलगायत हेलिकप्टर र चालक दलका सदस्य लमजुङको बेंसी शहरमै बसेको नेपाली कांग्रेस मनाङका सचिव सुरेन्द्र गुरुङले जानकारी दिनुभयो । मौसम सफा भएमा आज बिहानै निस्याङको मनाङ, नार्पाभूमि गाउँपालिकाका लागिसमेत गरी कूल ११ उडान भर्ने तयारी गरिएको नार्सों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताउनुभयो । हेलिकप्टर लमजुङको बेंसीशहरमा राखिएको र मौसम सफा हुनेबित्तिकी मनाङका विभिन्न गाउँपालिकामा खाद्यान्न पुऱ्याउने गरिएको उहाँले बताउनुभयो ।

पिसाङका स्थानीय राम गुरुङले राहत सामग्री बुझ्दै जोखिम लिएर हामलाई राहत उपलब्ध गराएकाले आफूलाई अभिभावक नै पाएको अनुभूति भएको बताउनुभयो ।

त्यसैगरी नार्सों गाउँपालिकका उपाध्यक्ष कमलमाया गुरुङले सबै पालिका बगाएको र गाउँपालिकाको सबै काम अन्य जिल्लाबाट सञ्चालन गर्नुपरेको अवस्थामा राहत आउँदा खुशी लागेको बताउनुभयो ।

# आलु रैथाने बाली प्रवर्द्धनमा सफलता

पोखरापत्र संवाददाता
बागलुङ, १८ साउन

स्थापना भएको पहिलो वर्षमै कृषि ज्ञान केन्द्र बागलुङले आर्थिक वर्ष २०७७/७८ का कार्यक्रममा ८० देखि ९० प्रतिशतसम्म उपलब्धि हासिल गरेको दाबी गरेको छ । गत वर्ष सञ्चालित आलु प्रवर्द्धन विशेष कार्यक्रममा ९९.४७ प्रतिशत उपलब्धि गरेको कार्यालयको तथ्याङ्कमा छ । आलु प्रवर्द्धनात्मक कार्यक्रममार्फत तीन हजार केजी आलुको बीउ लगाएर ३०० रोपनीमा २१० मेट्रिक टन आलु उत्पादन गरेको केन्द्रका सूचना अधिकारी कुमार पुनले जानकारी दिनुभयो । उक्त कामका लागि रु सात लाख ५० हजार बजेट थियो । किसानले उत्पादन गरेको आलु बजारमा बिक्रीसमेत गरेका छन् ।

बागलुङका काठेखोला, ढोरपाटन नगरपालिका, तमान र निसीखोलालगायतका सबै पालिकामा आलुखेती विस्तार भएको हो । अघिल्लो वर्षभन्दा यो वर्ष आलुको उत्पादन बढेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ। "कृषि प्राविधिकको सल्लाह, बीउ तथा औषधिको उचित प्रयोग जस्ता कारणले उत्पादन बढेको छ", पुनले भन्नुभयो, "ज्ञान केन्द्र स्थापनाले किसानले समयमै समस्याको समाधान पनि गर्न पाएका छन् ।" अघिल्ला वर्ष किसानले अनुदान नपाउने, प्रविधि र उन्नत बीउसमेत पाउन नसकेकोमा केन्द्र स्थाना भएपछि यो सहज भएको उहाँले बताउनुभयो ।

रैथाने बाली संरक्षण कार्यक्रममा पनि ९८ प्रतिशत सफलता पाएको कार्यालयको तथ्याङ्क छ । ६ वटा समूहले १५० रोपनीमा रैथाने बाली लगाउने कार्यका लागि १५ लाख बजेट थियो । मकै, भटमास र चैते धानखेती विस्तार कार्यक्रममा पनि १५ लाख खर्चेर ९० प्रतिशत सफलता पाएको कार्यालयले तत्थाङ्क निकालेको छ । उक्त कार्यक्रममा ६ वटा समूहले २०० रोपनीमा मकै, ६० रोपनीमा भटमास खेती गरेका थिए । दुई सय ९२ रोपनीमा तरकारी खेती विस्तार भएको र उक्त स्थानमा चार हजार १३० वर्गमिटर प्लाष्टिक टनेल विस्तार भएको पुनले जानकारी दिनुभयो ।

"ज्ञान केन्द्र आएपछि हामीले नियमित प्राविधिक सल्लाह र खेती विस्तार गर्न सकेका छौं", बागलुङ नगरपालिका-३ का अगुवा किसान गङ्गाबहादुर थापाले भन्नुभयो, "गाउँगाउँका किसानले पनि प्राविधिक ज्ञान पाउन थालेकोले उत्पादन बढ्ने क्रम छ ।" अन्न, तरकारी र कोसेबालीमा पनि किसानको पहुँच बढेको उहाँले बताउनुभयो ।

गत वर्ष २२ लाख ५० हजारको लागतमा कार्यालयले ३ वटा कृषि उपज संकलन केन्द्रसमेत बनाएको केन्द्र प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो । कृषि मोडेल फर्म विस्तार कार्यक्रमअर्न्तगत कार्यालयले १८ वटा फलामे टनेल, ३ सय मौरीका गोलाघार, ३० रोपनीमा केरा र २० रोपनीमा सुन्तला खेती विस्तार गरेको हो । सिताके च्याउको एक फर्म बिस्तार भएको छ । सिताके च्याउ काठेखोला र निसीखोलामा बिस्तार गरिएको हो । त्यस्तै सुन्तला खेती बागलुङ नगरपालिका-८ को सिगाना र जैमिनी-४ को सर्कुवामा विस्तार गरिएको थियो । त्यसबाट ३७ मेट्रिक टन तरकारी उत्पादन, ३ मेट्रिक टन सिताके च्याउ, २ दशमलब ७ मेट्रिक टन मह, ६ मेट्रिक टन सुन्तला र ३ मेट्रिक टन किबीसमेत उत्पादन भएको उहाँले जानकारी दिनुभयो । त्यसबाट किसानले लाखौं आम्दानी गर्न सकेको उहाँले बताउनुभयो । गत आर्थिक वर्ष रु ११ करोड १५ लाख ४० हजारको लागतमा ती क्रियाकलाप सम्पन्न भएका हुन् । कार्यालयले जिल्लाका १० वटै पालिका तहमा पुगेर यान्त्रिकरण, ब्लक निर्माण, साना व्यावसायिक कृषि फर्म निर्माण तथा सञ्चालन, साना सिचाइँ कार्यक्रम र ग्रिन हाउस निर्माण कार्यक्रममा लगानी गरेको हो ।

# म्याग्दीमा लोप हुँदै कोदोखेती

–ध्रुवसागर शर्मा
म्याग्दी, १८ साउन (रासस)

खेतका फाँटमा धानका गाभा भरिन थालेका छन् । धान रोपिसकेर सिँचाइ गर्नका लागि खेतमा पुगेका किसान खेतका गरामा धानसँगै उम्रिएका झार उखेल्न र खेतका आली थुनेर पानीको प्रबन्ध मिलाउन व्यस्त छन् । हरिया भएका धानका बिरुवा डुबाउने गरी खेतका गरामा भरिएको पानीले फाँटको सौन्दर्य नै बेग्लै बनेको छ ।

धानखेतीका लागि यति महत्व दिएर मरिमेट्ने म्याग्दीका किसानले नजिकको बारीमा भने कोदोखेती गरेका छैनन् । घर अगाडि र वरिपरिकै बारीमा कोदो रोपिएको छैन । कसैकसैले बारीका कान्ला र गरामा फलफूलखेती गरेका भए पनि अधिकांशका बारीमा सिरु फुलेको छ । वनमारा र अन्य झारले बारी ढाकेको छ । म्याग्दीका ग्रामीण भेगबाट समेत कोदोखेती हराउँदै गएको छ । कुनै समयको महत्वपूर्ण खाद्यान्न बाली कोदो अहिले शहरी क्षेत्रका बालबालिकाका लागि मात्रै होइन, ग्रामीण क्षेत्रका वयस्कका लागिसमेत दुर्लभ चिज जस्तै बन्दै गएको छ । कोदो फल्ने बारी थलिएको छ । वनमारा र बोकेझारले बारीमा साम्राज्य जमाएको बेनी नगरपालिका-२ ज्यामरुककोटका हरि शर्माले बताउनुभयो । करिब १० वर्षअघिसम्म १० मुरी कोदो उत्पादन हुने बारीमा अहिले मुस्किलले १० पाथी उत्पादन हुने गरेको उहाँले बताउनुभयो । "कोदो रोप्नै छाडे, कोदो रोप्ने बारीमा झारैझार छ, अनि कहाँबाट फलोस् कोदो ?" ५७ वर्षीय शर्माले भन्नुभयो । उहाँका अनुसार कोदो लगाउने जग्गा बाँझै पल्टिएको छ । काम गर्ने जनशक्ति नहुनु तथा खेताला खोजेर काम लगाए पनि धानको जस्तो मूल्य कोदोले नपाउँदा कोदो हराउँदै जान थालेको कृषकले बताएका छन् । रघुगङ्गा गाउँपालिका-६ पाखापानीका बलबहादुर शेरपुर्जाको घरमा पनि खेती गर्ने मानिस छैनन् । उहाँको परिवारमा श्रीमती, एक छोरा र बुहारी छन् । छोराले बेनी बजारमा व्यापार गर्छन् भने बुहारीले घरमै पसल । वर्षौं पहिलेसम्म मुरीका मुरी कोदो फलाउने उहाँको घरमा पछिल्लो समय एक गेडा पनि छैन । कोदो फलाउने रहर भएर पनि बुढेसकालमा खेती गर्न नसकेको उहाँले बताउनुभयो ।

"कोदो खाँदा के फाइदा हुन्छ भन्ने कुरा अहिलेकालाई थाहा छैन । कोदोले दिने बल धानको भातले कहाँ दिन्छ र ?", उहाँले सम्झिनुभयो, "हामी साना हुँदा कोदोको ढिँडो र तरकारीसँग एक पेट भरेपछि ड्याम्म ज्यान बन्थ्यो । दिनभर काम गर्न सकिन्थ्यो ।" अहिलेका युवाले कोदोको महत्व नबुझेका कारण उनीहरूमा पाको पुस्ताको जस्तो बल नभएको र निरोगी पनि हुन नसकेको उहाँको भनाइ छ ।

औषधीय गुण भएको तागतिलो खाद्यान्न मानिने कोदोको खेती गाउँघरतिर निकै कम हुँदै गएको मालिका गाउँपालिकाको ओखरबोटका ६४ वर्षीय भविराज विकले बताउनुभयो । कोदोको खेती गर्ने चलन कम हुँदै गएपछि उत्पादन पनि ह्वात्तै घटेको छ । कोदोको उत्पादन घटेसँगै यसको उपभोग पनि गाउँघरतिर कम हुँदै गएको स्थानीयवासीले बताएका छन् । भएको कोदो पनि रक्सी पार्न (घरेलु मदिरा उत्पादन गर्न) का लागि प्रयोग हुन थालेपछि रोटी, ढिँडो र पिठो बनाएर खाने चलन हराउँदै गएको अर्मनका कृषक श्यामलाल सापकोटाले बताउनुभयो ।गाउँघरमा कोदोको प्रयोग कम हुँदै गएको भए पनि शहरका होटलले भने कोदोको परिकारलाई नै आकर्षणका रूपमा राख्न थालेका छन् । होटेलमा आउने पाहुनाले बजारमा बेच्न राखिएको चामलभन्दा गाउँमा उत्पादित कोदोको परिकार खोज्ने र मूल्य पनि बढी तिर्ने गरेका बेनीको होटल यतीकी सञ्चालिका विमला गौचनले बताउनुभयो ।

त्यसैगरी गाउँगाउँमा सञ्चालित होमस्टे (घरबास) मा पनि कोदोको परिकारलाई प्राथमिकतामा राख्ने गरेको पाइएको छ । कोदोलाई खानाका रूपमा प्रयोग गर्नुपर्ने ठाउँमा घरेलु मदिरा बनाउन प्रयोग हुने गरेको छ । जिल्ला प्रहरी कार्यालय म्याग्दीले घरेलु मदिरा उत्पादनमा कोदोको प्रयोगलाई रोक लगाएको छ । चिकित्सा विज्ञानले खाद्यान्नका रूपमा कोदोको प्रयोग गर्नु राम्रो हुने बताएको छ । चिनी र प्रोटिनको मात्रा कम हुने भएकाले सबै खालका मानिस र बिरामीका लागि कोदो राम्रो मानिने चिकित्सकको भनाइ छ । कोदोमा प्रशस्तमात्रामा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, म्यागनिज, भिटामिन बी, टिप्टोफेन, फाइबर, एन्टिअक्सिडेन्टलगायत तत्व पाइने ज्यामरुककोट स्वास्थ्य चौकीका चिकित्सक खगराज निउरे बताउनुहुन्छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९६/०८/०९ गते

स्वर्गारोहणः
वि.स. २०७८/०४/०७ गते

स्वः रुद्रबहादुर थापा

यस टुडे इन्भेष्टमेण्ट प्रा.लि.का संचालक सदस्य नारायण बहादुर थापाको पुजनीय बुबा **रुद्रबहादुर थापा** को ८२ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**टुडे इन्भेष्टमेण्ट प्रा. लि. परिवार**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९६/०३/२० गते

स्वर्गारोहणः
वि.स. २०७८/०४/०८ गते

स्वः पुनिसरा थापा

नेपाल मगर संघ नमूना एकाई समिति पोखरा-१४ कास्कीका सदस्य देवी थापा मगरको सासुआमा पैयुँ गा.पा.-२ त्रिवेणी पर्वत निवासी **पुनिसरा थापा** को ८२ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ओम श्रीस मगर**
**अध्यक्ष तथा**
**नमूना एकाई समिति परिवार**